१६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ९८ ॥ २०८१ जेठ ०५ गते शनिबार (18th May 2024 Saturday) | Pratidin National Daily | मूल्य-रु.५/-

## कोशी प्रदेश सरकार विस्तार
# झापाका कार्की पुनः मन्त्री बने



झापा(प्रस) । कोशी प्रदेशमा मन्त्रीमण्डल विस्तार भएको छ । मुख्यमन्त्री हिक्मतकुमार कार्कीले ७ मन्त्री र २ राज्यमन्त्रीसहित शुक्रवार सरकार विस्तार गरेका हुन् । विस्तारित मन्त्रीमण्डल अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयमा रामबहादुर मगर, भौतिक पूर्वाधार विकास मन्त्रालय गणेश उप्रेती, आन्तरिक मामिला तथा कानून मन्त्रालयमा लिलाबल्लभ अधिकारी, स्वास्थ्य मन्त्रालयमा राजेन्द्र कार्की, खानेपानी, सिंचाइ तथा ऊर्जा मन्त्रालयमा एकराज कार्की, सामाजिक विकास मन्त्रालयमा पाँचकर्ण राई, उद्योग, कृषि तथा सहकारी मन्त्रालयमा मुख्यमन्त्री आफैं र पर्यटन, वन तथा वातावरण मन्त्रालयमा नारायण बुर्जा मगर मन्त्री नियुक्त भएका छन् ।

दुई राज्यमन्त्रीहरु सिर्जना राई मुख्यमन्त्री कार्यालय र बन्दना झाँगडलाई पर्यटन, वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी दिईने भएको छ । झापाका एकराज कार्की दोस्रो पटक मन्त्री बनेका हुन् । यसअघि उनी हिक्मतकुमार कार्की नै मुख्यमन्त्री भएका बेला भौतिक पूर्वाधार विकास मन्त्री बनेका थिए ।

यसैबीच कोशी प्रदेशका नवनियुक्त मन्त्रीहरुले पद तथा गोपनीयताको शपथ लिएका छन् । शुक्रबार नवनियुक्त मन्त्रीहरुलाई प्रदेश प्रमुख परशुराम खापुङले पद तथा गोपनीयताको शपथ खुवाएका हुन् ।

शुक्रबारै मुख्यमन्त्री हिक्मतकुमार कार्कीले मन्त्रीमण्डल विस्तार गरेका थिए । विस्तारित मन्त्रीमण्डल अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालय रामबहादुर मगर, भौतिक पूर्वाधार विकास मन्त्रालय गणेश उप्रेती, आन्तरिक मामिला तथा कानुन मन्त्रालय लिलाबल्लभ अधिकारी, स्वास्थ्य मन्त्रालय राजेन्द्र कार्की, खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय एकराज कार्की र सामाजिक विकास मन्त्रालयको जिम्मेवारी पाँचकर्ण राईले पाएका छन् ।मन्त्रीमण्डल विस्तारसँगै कार्की नेतृत्वको सरकार १० सदस्यीय पुगेको छ ।

# चारतला माथिबाट खसेर मजदुरको मृत्यु

बिर्तामोड(प्रस) ।घर निर्माणका क्रममा चारतले घर माथिबाट खसेर बिर्तामोडमा एकजना मजदुरको मृत्यु भएको छ । बिर्तामोड १ का दिनेश मैनालीको घर निर्माण गर्नेक्रममा चार तला माथिबाट खसेर बिहीवार दिउँसो १२.५० बजे भारत बोतलवारी घर भएका २० वर्षीय चामाल हक गंभीर घाइते भएका थिए । उनलाई उपचारको लागि बिर्तासिटी हस्पिटल लगिएकोमा उपचारका क्रममा दिउँसो सवा ३ बजे मृत्यु भएको थियो । मृतकका आफन्त शुक्रवार बिहान मात्र आइपुगेकाले प्रादेशिक अस्पताल भद्रपुरमा पोस्टमार्टम गराई शुक्रवार दिउँसो मृतकका बुवालाई शव जिम्मा दिइएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले जानकारी दिएका छन् ।

# १४ सयबढी मोटरसाइकल चालकलाई ट्राफिक सचेतना

झापा(प्रस) । मोटरसाइकल दुर्घटना बढ्दै गएपछि त्यसको न्यूनीकरणका लागि झापामा ट्राफिक प्रहरीले १४ सयबढी दुई पांग्रे चालकहरुलाई ट्राफिक सचेतनामुलक प्रशिक्षण दिएको छ ।

'दुई पांग्रे सवारी चालकसँग ट्राफिक प्रहरीको पाँच मिनेट' अभियानअन्तर्गत जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जिल्लाका विभिन्न ठाउँमा सचेतनामुलक प्रशिक्षण संचालन गरेको हो । पहिलो दिन बैशाख २३गते कन्काई नगरपालिका ८ लक्ष्मीपुर चोकमा ट्राफिक सचेतनामुलक जानकारीसहित २५० थान पर्चा बाँडिएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख नवराज न्यौपानेले बताए ।



त्यस्तै बैशाख २५ गते मेचीनगर -१३ चारआली पाउ पाथीभरा मन्दिर अगाडि पूर्वपश्चिम राजमार्गमा ट्राफिक सचेतनामुलक जानकारीसहित २५० थान पर्चा वितरण , बैशाख २६ गते ट्राफिक प्रहरी पोष्ट काँकरभिट्टाबाट मेचीनगर ६ पुरानो भन्सार कार्यालय अगाडी पूर्वपश्चिम राजमार्गमा ट्राफिक सचेतनामुलक जानकारीसहित २५० थान पर्चा समेत बाँडिएको उनले जानकारी दिए ।त्यस्तै बैशाख २८ गते ट्राफिक प्रहरी कार्यालय दमकबाट दमक ४ ताराबारीस्थित पूर्वपश्चिम राजमार्गमा ट्राफिक सचेतनामुलक जानकारीसहित २५० थान पर्चा वितरण , बैशाख ३१ गते ट्राफिक प्रहरी कार्यालय चन्द्रगढी र ट्राफिक प्रहरी पोष्ट भद्रपुरको संयुक्त ट्राफिक प्रहरी टोलीले भद्रपुर १० देउनिया पुलस्थित बिर्तामोड- भद्रपुर सडकखण्डमा ट्राफिक सचेतनामुलक जानकारीसहित १८० थान पर्चा समेत बाँडेको थियो ।

बैशाख ३१ गते नै ट्राफिक प्रहरी पोष्ट झिलझिले र केर्खाले संयुक्त रुपमा झापा शिवसताक्षी १ धरमपुर चोकस्थित पूर्वपश्चिम राजमार्गमा ट्राफिक सचेतनामुलक जानकारीसहित २५० थान पर्चा वितरण गरेको ट्राफिक प्रमुख न्यौपानेले बताए । १ हजार ४०० बढी दुई पांग्रे चालकहरुलाई ट्राफिक सचेतनामुलक जानकारी गराइएको र १हजार ४०० भन्दा बढी पर्चा समेत वितरण गरेको बताउँदै न्यौपानेले अन्य स्थानहरुमा पनि सो कार्यक्रम संचालन गरिने जानकारी दिए ।

दुर्घटनामा ज्यान गुमाउनेमा सबैभन्दा बढी मोटरसाइकलका यात्रु हुने गरेकाले दुई पांग्रेका चालकलाई लक्षित गरी अभियान सुरु गरिएको ट्राफिक प्रहरी कार्यालयले जनाएको छ । चालु आर्थिक वर्ष २०८०-८१ को नौ महिनामा झापामा सवारी दुर्घटनामा ५३ जनाको मृत्यु भएको थियो । त्यसमध्ये मोटरसाइकल दुर्घटनाका कारण मृत्यु हुने ३९ जना रहेको न्यौपानेले जानकारी दिए । उक्त अवधिमा चार सय ६३ सवारी दुर्घटना भएकामा मोटरसाइकल दुर्घटनाको संख्या दुई सय ८८ रहेको थियो ।

अभियानअन्तर्गत ट्राफिक प्रहरीको

❖ बाँकी अन्तिम पृष्ठमा

## लागूऔषधविरुद्ध झापा प्रहरी आक्रामक
# दश महिनामा ३ सय ७२ पक्राउ



• लक्ष्मी उप्रेती

मेचीनगर । १७ बैशाखमा झापामा लागूऔषध कारोबारीलाई नियन्त्रणमा लिन खोज्दा गोली चल्यो । झापा गाउँपालिका वडा नम्बर ३ कामाटोलीस्थित अक्कलबहादुर विश्वकर्माको घरको तेस्रो तलामा लागूऔषध कारोबार भइरहेको भन्ने गोप्य सूचनाको आधारमा कारोवारीलाई नियन्त्रण लिने क्रममा प्रहरीमाथि आक्रमण गर्न खोज्दा प्रतिरक्षास्वरुप प्रहरीले गोली चलाएको थियो । पछिल्लो समय लागूऔषधमा निगरानी बढाउँदै झापा प्रहरी त्यसविरुद्ध निकै आक्रामकरुपमा प्रस्तुत हुन थालेको छ ।

पछिल्लो समय लागूऔषध ओसारपसार तथा सेवनकर्ताको बिगबिगी बढेसँगै झापा प्रहरी पनि उनीहरुलाई नियन्त्रणमा लिन र कानुनी कारवाही गर्न सक्रियतापूर्वक लागेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । झापा प्रहरी लागूऔषध ओसारपसारको संगठित जालोलाई तोडेर कानुनी कारबाहीमा तीव्रता दिन पनि पछिल्लो समय निकै आक्रामकरुपमा प्रस्तुत हुँदै लागूऔषध नियन्त्रणमा निगरानी बढाउँदै आएको प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक कृष्णकुमार चन्दले जानकारी दिए ।

लागूऔषध प्रयोगकर्ताका कारण जिल्लामा विभिन्न आपराधिक क्रियाकलापमा वृद्धि हुँदै गएका कारण पनि प्रहरी त्यसविरुद्ध कडारुपमा प्रस्तुत भएको उनको भनाई छ । जिल्लामा पछिल्लो समय लागूऔषधका मुद्धाको चाङ पनि निकै ठुलै छ । जिल्ला प्रहरी कार्यालय झापाको अभिलेख अनुसार चालु आर्थिक वर्ष २०८०/०८१ को दश महिनामा यसमा संलग्न स्वदेशी र विदेशी गरी कुल ३ सय ७२ जना पक्राउ परिसकेका छन् ।

प्रहरी नायव उपरीक्षक चन्दका ३ सय २५ पुरुष र २५ महिलागरी कुल स्वदेशी ३ सय ५० जना र १८ पुरुष र ४ जना महिला गरी कुल २२ जना विदेशीलाई झापा प्रहरीले नियन्त्रणमा लिएको हो । सोही अवधिमा लागूऔषधका २ सय ४० वटा मुद्धा दर्ता भएका छन् । सो अवधिमा खैरो हिरोईन १ हजार ९ सय ४४ ग्राम ४ हजार ६ सय ४० मिलिग्राम र २६ केजीभन्दा बढी गाँजा बरामद गरेको प्रहरीले जनाएको छ । चोरी, झैझगडा, लुटपाटलगायत घटनामा लागूऔषध प्रयोगकर्ता संलग्न रहने गरेका छन् । प्रहरीको अभिलेख अनुसार हरेक महिना यस्ता मुद्धाका घटनामा बढोत्तरी हुँदै गएको छ ।

चालु आवको शुरु साउन महिनामा ३४ पुरुषसहित ३७ जना पक्राउ परेका थिए । बैशाख महिनासम्म आइपुग्दा ४९ पुगेको छ । सवैभन्दा बढी फागुनमा ५१ स्वदेशी पुरुष, ७ स्वदेशी महिला ,२ विदेशी पुरुष र १ विदेशी महिला गरी कुल ६१ जना पक्राउ परेका छन् । त्यो महिना प्रहरी कार्यालयमा ३९ वटा मुद्धा दर्ता भए । ७० ग्राम ५ सय मिलिग्राम गाँजा र ३ सय ३५ ग्राम ९ सय ९० मिलिग्राम खैरो हिरोइन प्रहरीले फेला पारेको थियो । चन्दका अनुसार चैतमा ५५ स्वदेशी पुरुष, २ स्वदेशी महिला र २ विदेशी पुरुषगरी कुल ५९ जना मानिस पक्राउ परेका छन् । त्यो महिना लागूऔषध सम्बन्धका ३७ वटा मुद्धा दर्ता भएका थिए । १ केजी ४ सय ७९ ग्राम ४ सय मिलिग्राम गाँजा चैतमा प्रहरीले बरामद गरेको थियो ।

साउनमा लागूऔषधका २५ वटा मुद्धा दर्ता हुँदा ४ केजी ४ सय ५० ग्राम २ सय ८० मिलिग्राम गाँजा र ८७ ग्राम हिरोइन प्रहरीले नियन्त्रणमा लिएको थियो । भदौ महिनामा ४२ जना मानिससहित १० केजी १ सय ७ ग्राम गाँजा र ४ सय ५५ ग्राम हिरोइन , असोज महिनामा ४१ जना मानिस र १ केजी ६ सय ७० ग्राम गाँजा र १ सय ७६ ग्राम ४ सय ४० मिलिग्राम हिरोइन, कात्तिक महिनामा लागूऔषधका १० वटा मुद्धा दर्ता हुँदा १७ जना मानिस पक्राउ परेका छन् । ३२ ग्राम ७ सय मिलिग्राम हिरोइन प्रहरीले नियन्त्रणमा लिएको बताईएको छ । मंसिरमा १२ पुरुष, ३ महिला स्वदेशी र २ पुरुष विदेशीसहित १७ जना मानिस पक्राउ परेका थिए । ११ वटा मुद्धा दर्ता हुँदा ७० ग्राम ४ सय ७० मिलिग्राम हिरोइन बरामद गरेको अभिलेखमा उल्लेखमा छ । पुसमा १४ जना पक्राउ र ९ वटा मुद्धा दर्ता भएका छन् भने १ सय ६२ ग्राम २ सय ७० मिलिग्राम हिरोइन बरामद भएको छ । माघ महिनामा ३५ जना पक्राउ र २६ वटा मुद्धा दर्ता भएका छन् । त्यो महिना २ सय ५० ग्राम गाँजा र ३९ ग्राम ३ सय २० मिलिग्राम हिरोइन बरामद भएको छ । बैशाखमा ४२ जना स्वदेशी पुरुष, २ स्वदेशी महिला, ५ विदेशी पुरुषगरी कुल ४९ जना मानिस पक्राउ परेका थिए भने लागूऔषधका २९ वटा मुद्धा दर्ता भएका थिए । १ सय २ ग्राम ९ सय २० मिलिग्राम गाँजा र ३ सय ९८ ग्राम ८ सय मिलिग्राम हिरोइन बैशाखमा प्रहरीले बरामद गरेको थियो । एकजना प्रहरी अनुसन्धान अधिकृतका अनुसार चोरी गरी भाग्न सजिलो भएका ठाउँ, उज्यालो नभएको र सुरक्षाका पर्याप्त साधनहरु नअपनाइएका पसललगायतमा बढी चोरी हुने गर्दछन् । यस्ता घटनामा अधिकाँश लागूऔषध प्रयोगकर्ताको संलग्नता देखिन्छ । उनका अनुसार ७० देखि ९० प्रतिशत आपराधिक घटनामा लागूऔषधका प्रयोगकर्ता संलग्न हुने गरेका छन् । बजारदेखि ग्रामीण क्षेत्रसम्म लागूऔषधका प्रयोगकर्ताहरु रहेका छन् ।

लागूऔषधका सेवनकर्ता र कारोबारीहरुको पहिचान गरी पक्राउ गरी प्रहरीले प्रचलित कानुनअनुसार मुद्दासमेत चलाउँदै आएको उनको भनाई छ । यसकारण पनि लागूऔषध प्रयोगकर्ता र कारोबारीहरुमाथि निगरानी बढाईएको प्रहरीको भनाई छ । आफूहरु एक्लैको प्रयासले लागूऔषधको जालो भत्काउन गाह्रो हुने प्रहरीको भनाई छ । युवाहरुलाई लागूऔषधको कुलतबाट जोगाउनका लागि कार्य अगाडि नबढाइए यसले डरलाग्दो अवस्थामा पुऱ्याउने मेचीनगर नगरपालिका उपप्रमुख मीना पोखरेल उप्रेतीको भनाई छ । लागूऔषधको प्रयोगलाई न्यूनीकरण गर्नका लागि नगरपालिकाले सचेतना कक्षा सञ्चालन गरी किशोर र युवाहरुलाई सजग गराउने काम गर्दै आएको उनको भनाई छ । युवाहरुलाई लागूऔषधको कुलतबाट जोगाउन नसके असल समाजको परिकल्पना गर्न नसकिने उपप्रमुख उप्रेतीको भनाई छ ।

लागूऔषधको प्रयोगमा युवाहरुको संलग्नता बढी देखिन थालेको छ । पछिल्लो समय महिलाहरुको समेत संलग्नता देखिएको छ ।त्यस्ता कार्यलाई निरुत्साहित गर्नका लागि सबैको ऐक्यबद्धतासँगै सहयोगको खाँचो रहेको छ।

श्री
ऋषिकेश
Ayurvedic Hair Oil
३५ जडिबुटीयुक्त

- कपाल झर्न नदिने
- नया कपाल उमार्ने
- सिल्की बनाउने
- चाया हटाउने
- टाउको चिलाउन रोक्ने

Chemical free, no side effects
100% Natural
Price
Rs. 1500/-
Rs. 1050/-



Free Home Delivery

Rishikesh Ayurvedic
Kathmandu, Nepal
Mobile/Whatsapp: 9810095900, 9844600332

# लिगको उपाधि धाइजन चारआली फुटबल क्लबलाई

शनिश्चरे(प्रस)। झापाको अर्जुनधारामा संचालित झापा जिल्ला ए डिभिजन लिग फुटबलमा धाइजन चारआली एफसी च्याम्पियन बनेको छ । शुक्रवार नमुना खेलमैदानमा भएको फाइनल खेलमा सैनिक युथ क्लबलाई टाइब्रेकरमा ४-३ गोलअन्तरले पन्छाउँदै गोलरक्षक धाइजन चारआलीका युवराज पुरी, प्लेयर अफ दी फाइनल धाइजनकै निशान तामाङ र बेस्ट कोच धाइजनकै पूर्ण सुब्बा घोषित भए । च्याम्पियन बनेको धाइजन चारआलीले नगद ५० हजार र ट्रफी पाएको छ भने उपविजेता सैनिकले नगद ३० हजारमा चित्त




बुझाएको छ । प्लेयर अफ दी फाइनल बनेका खेलाडीले नगद २ हजार पाए भने अन्य विधागत पुरस्कारतर्फ ३-३ हजार रहेको थियो । विजेता तथा उपविजेताहरुलाई अर्जुनधारा नगरपालिकाका प्रमुख बलदेवसिंह गोम्देन, झापा गोल्डकप आयोजक समितिका अध्यक्ष विनोद बस्नेत, झापा जिल्ला फुटबल संघका अध्यक्ष भगिरथ आले मामालगायतले पुरस्कार वितरण गरेका थिए ।

धाइजन चारआली पहिलोपटक लिग च्याम्पियन बनेको हो । निर्धारित समयमा दुवै टोलीले १-१ गोलको बराबरी खेलेका थिए । खेलको निर्णय टाइब्रेकरबाट लिइएको थियो । धाइजन चारआली समूह क बाट र सैनिक समूह ख बाट विजेता बन्दै फाइनलमा प्रवेश गरेका थिए । लिगको सर्वोत्कृष्ट खेलाडी सैनिकका रमेश भण्डारी घोषित भए । सैनिककै विकास लिम्बू सर्वाधिक गोलकर्ता बने । यस्तै, उत्कृष्ट

# काठमाडौंमा झापाका दुईजना पक्राउ

झापा(प्रस)। चोरी गर्ने एक युवतीलाई प्रहरीले काठमाडौंबाट पक्राउ गरेको छ।

झापाको बुद्धशान्ति गाउँपालिका-३ घर भई सुकेधारा बस्दै आएकी २० वर्षीया अनुष्का मगरलाई मंगलबार पक्राउ गरिएको जिल्ला प्रहरी परिसर, काठमाडौंले जनाएको छ।

मंगलबार दिउँसो सुकेधारा आनन्दनगरस्थित एक घरमा चोरी गरेको उनीमाथि आरोप छ।

परिसरका अनुसार मगरले सुनको साढे एक तोलाका दुईवटा औंठी, एक तोला बराबरको ब्रासलेट, सिक्री, चुरालगायत झन्डै आठ तोला बराबरको सुनका गरगहना चोरी गरेको आरोप छ। यस्तै उनले एउटा मोबाइलसमेत चोरी गरेको निवेदन परेको छ।

प्रहरीले अनुष्काको साथबाट एउटा हाते झोला, सुनको गहना राख्ने बट्टा, सुनजस्तै देखिने ११ ग्राम तौल भएको एउटा सिक्री, सुनजस्तै पहेंलो धातु २.५ ग्रामको दुई थान जुली र एउटा मोतीको माला बरामद गरेको जनाएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

त्यस्तै भन्सार छली गरेर ल्याइएको सुन सम्बन्धित व्यक्तिलाई नदिई आफैले राख्ने उद्देश्यले लुटिएको नाटक गर्ने एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ । इलाम घर भई झापा बिर्तामोड बस्ने सूर्यबहादुर समाल मगर पक्राउ परेको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ । कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीका अनुसार उनी विदेशबाट आएको दोस्रो दिन जेठ २ गते आफू लुटिएको भनी घाउचोटसहित ललितपुरको गोदावरीस्थित सडकको नालीमा बसेको अवस्थामा भेटिएका थिए ।

उद्धारका लागि गएको प्रहरी टोलीले अनुसन्धान गर्ने क्रममा नाटक गरेको पत्ता लागेको थियो । अनुसन्धान टोलीले उनीसँग सोधपुछ गर्दा जेठ १ गते बिहान कतारबाट फर्किएको र राजश्व छली गरी ल्याइएको सुन सोही दिन झापाको बिर्तामोडस्थित घरमा पुर्याएको बयान दिएका छन् ।

त्यसपछि सुन आफ्नो बनाउने योजना बुनेर उनी जेठ २ गते जहाजमार्फत काठमाडौँ आई ललितपुरको गोदावरीस्थित सडक किनारको नालीमा बसेका थिए । अपरिचित व्यक्ति घाइते अवस्थामा लडिरहेको भन्ने सूचना आएपछि कार्यालयबाट खटिएको प्रहरी टोलीले उक्त स्थानबाट उनलाई उद्धार गरी नमस्ते मेट्रो अस्पतालमा प्राथमिक उपचार गरेको थियो । सोही दिन प्रहरीमा ल्याएर अनुसन्धान गर्दा आफूले आफैलाई शरीरमा चोटपटक लगाई हातखुट्टा बाँधेर गोदावरीस्थित सडक किनारको नालीमा बसेको भेटिएको रेग्मीले बताए।

उक्त सुन इलाका प्रहरी कार्यालय बिर्तामोडको समन्वयमा निजको घर कोठाको खानतलासी गरी बरामद गरिएको छ । उनको साथबाट सुनको ब्रासलेट एक थान, सुनको बेरुवा औंठी एक थान, मोबाइल एक थान र ल्यापटप बरामद भएको प्रहरीले जनाएको छ । प्रहरीले घटनाको विषयमा थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# मेयर कपको फाइनलमा वडा नं. ८ र ११ भिड्ने




शिवसताक्षी(प्रस)।झापाको शिवसताक्षीमा जारी मेयर कपको फुटबलको फाइनलमा वडा नं. ११ प्रवेश गरेको छ । शुक्रबार भएको सेमिफाइनल खेलमा मिनी भेट्रान क्लबलाई ५-१ गोल अन्तरले हराउँदै वडा नं. ११ फाइनलमा प्रवेश गरेको हो । वडा नं. ११ को तर्फबाट निकेश श्रेष्ठले २ तथा देव मल्लिक, आकाश पौडेल र सुरज मगरले १/१ गोल गरेका थिए । यता मिनी भेट्रानको तर्फबाट लक्ष्मण अधिकारीले एक गोल फर्काएका थिए । खेलको म्यान अफ दी म्याच वडा नं. ११ खेलाडी निकेश श्रेष्ठ घोषित भए ।त्यस्तै दोस्रो सेमिफाइनल खेलबाट वडा नं. ८ फाइनलमा प्रवेश गरेको छ ।

टाइब्रेकरमा वडा नं. ९ लाई हराउँदै वडा नं. ८ फाइनलमा प्रवेश गरेको हो । निर्धारित समयमा दुवै टिमबाट गोल हुन नसकेपछि खेल टाइब्रेकरमा धकेलिएको थियो । शनिवार हुने फाइनल खेलमा वडा ८ र ११ भिड्ने भएका छन् । त्यस्तै क्रिकेट विधातर्फ आज भएको पहिलो सेमिफाइनल खेलमा विजयी हुँदै वडा नं. ११ फाइनलमा प्रवेश गरेको छ । वडा नं. ११ ले वडा नं. ९ लाई २८ रनले हराउँदै उपाधिनजिक पुगेको हो । खेलको म्यान अफ द म्याच वडा नं ११ का नेत्र पाठक घोषित भए । त्यस्तै क्रिकेट विधाको दोस्रो खेलबाट वडा नं. ८ फाइनलमा प्रवेश गरेको छ । वडा नं १० लाई हराउँदै वडा नं ८ फाइनलमा प्रवेश गरेको हो । शनिवार हुने फाइनल खेलमा वडा नं. ८ र ११ भिड्ने भएका छन् । प्रतियोगिताको फुटबलतर्फ प्रथम हुनेले ७० हजार, द्वितीयले ५० हजारसहित ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । त्यस्तै भलिबलतर्फ प्रथम हुनेले ५० हजार र द्वितीयले ३० हजार, क्रिकेट खेलतर्फ प्रथम हुनेले ५० हजार र द्वितीयले ३० हजार र व्याडमिन्टन डबलतर्फ प्रथम हुनेले १० हजार, द्वितीयले ६ हजार र सिंगलतर्फ प्रथम हुनेले ५ हजार र द्वितीयले ३ हजारसहित ट्रफी मेडल, प्रमाणपत्र प्राप्त गर्ने आयोजक शिवसताक्षी खेलकुद विकास समितिले जनाएको छ।

# दुई दाताले दिए आङदेम्बे सङजुम्भोलाई ३ कठ्ठा जग्गा

दमक(प्रस) । झापाको दमकस्थित पापोहाङ आङदेम्बे ताङसेप सङजुम्भोलाई दमक २ का दुई जना दाताले लाखौ मूल्य पर्ने तीन कठ्ठा जमिन निःशुल्क




दिएका छन् । सङजुम्भोको कार्यालय भवन निर्माणका लागि दमक २ निवासी समाजसेवी विरवहादुर आङदेम्बेले भाङवारीमा रहेको आफनो नामको २ कठ्ठा र उनका भतिज जीवन आङदेम्बेले १ कठ्ठा गरि तीन कठ्ठा जग्गादान गरेका हुन् ।

सङजुम्भोले शुक्रवार एक कार्यक्रमका बीच जग्गादाता दुवैलाई सम्मान प्रदान गरेको थियो । सङजुम्भो दमक नगर समितिका अध्यक्ष कमल आङदेम्बेको अध्यक्षता तथा दमक २ का वडाअध्यक्ष प्रजापति सापकोटाको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा बोल्दै वक्ताहरुले दाताद्वयले पुऱ्याएको यस किसिमको परोपकारी योगदान प्रशंसनीय भएको औल्याएका थिए । सङजुम्भो दमक नगर समितिका उपाध्यक्ष कर्ण आङदेम्बेले स्वागत मन्तव्य राखेको सो कार्यक्रममा प्रमुख अतिथि वडाअध्यक्ष सापकोटा, सङजुम्भोका संस्थापक भवानी आङदेम्बे, पत्रकार विष्णु सुब्बा, सामाजिक अगुवाहरु बुद्धिमान चेम्जोङ, भक्त निङलेखुलगायतले बोलेका थिए । सङजुम्भोका सचिव मनबहादुर आङदेम्बेले सञ्चालन गरेको कार्यक्रममा जग्गादाताका परिवारहरु, सङजुम्भोमा आवद्ध अगुवा तथा सदस्यहरुलगायतको उपस्थिति रहेको थियो ।

दाताले प्रदान गरेको जमिनमा शुभेच्छुक तथा आङदेम्बे दाजुभाईहरुवाट सरसहयोग जुटाएर कार्यालय भवन निर्माण गरिने लक्ष्य राखिएको सङजुम्भो नगर समितिका सदस्य देउप्रसाद आङदेम्बेले बताएका छन् ।

# आयोजक पूर्वेली निलो भेट्रान्स फुटबलको फाइनलमा



बिर्तामोड(प्रस)। आयोजक पूर्वेली युवा क्लब निलो बिर्तामोडमा जारी स्वर्गीय दुर्गादेवी श्रेष्ठ स्मृति भेट्रान्स फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ ।

बिर्तामोडको डोमालाल राजवंशी रंगशालामा शुक्रवार भएको पहिलो सेमिफाइनल खेलमा झापाको चन्द्रगढी भेट्रान्स एफसीलाई १-० गोल अन्तरले पराजित गर्दै आयोजक निलो उपाधिनजिक पुगेको हो ।

खेलको ४८ औं मिनेटमा पूर्वेलीका चन्द्रकुमार गिरीले चन्द्रगढीका गोलकिप्पर डिबक्सभित्र अलमलिएको मौकामा बलले जाली चुमाएका थिए ।

प्रतिस्पर्धात्मक खेलमा दुवै पक्षले गोल गर्ने अवसर पाए पनि प्रहार फितलो हुँदा स्कोर भने गर्न सकेनन् । गिरीको गोल नै जितका लागि पर्याप्त भयो ।

प्रतियोगिताको प्लेयर अफ दि म्याच पूर्वेलीका चन्द्रकुमार गिरी भए । उनले नगद २५०० र ट्रफी पाए । उनलाई झापा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष प्रशान्त भण्डारीलगायतले पुरस्कार प्रदान गरे ।

शनिवारको अन्तिम सेमिफाइनल खेल विराट मेगा भेट्रान्स एफसीले आयोजक रातोसँग फाइनल प्रवेशका लागि खेल्नेछ ।

कोशी प्रदेशका आठवटा टिमको सहभागिता रहेको प्रतियोगिताको फाइनल खेल जेठ ७ गते हुने आयोजक पूर्वेली युवा क्लबका कार्यवाहक अध्यक्ष दिपेन चौधरीले बताए ।

प्रतियोगिताको विजेताले नगद १ लाख १ हजार १११ रुपैयाँ, ट्रफी र मेडल पाउनेछ भने उपविजेताले नगद ५५ हजार ५५५ रुपैयाँ पाउने चौधरीले बताए । त्यस्तै, प्रत्येक खेलको प्लेयर अफ द म्याचले नगद २५०० र ट्रफी पाउने छन् ।

प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडीलाई नगद १० हजार र ट्रफी प्रदान गरिनेछ । प्रतियोगिताका उत्कृष्ट गोलकिप्पर, डिफेन्डर, मिडफिल्डर, फरवार्ड, उच्च गोलकर्ता र प्रशिक्षकले नगद पाँच हजार र ट्रफी प्राप्त गर्ने संयोजक टेकराज तितिलिङले बताए ।


## हात्तीपाइले रोग विरूद्धको औषधी खुवाउने बारे बिर्तामोड नगरपालिकाको अत्यन्त जरूरी सूचना

यस बिर्तामोड नगरपालिका अन्तर्गतका १० वटै वडाहरूमा यही मिति २०८१ साल वैशाख १६ गतेदेखि हात्तीपाइले रोग विरूद्धको औषधी तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा सेवन गराइने व्यहोरा सम्पूर्ण नगरबासीहरूमा जानकारी गराइन्छ । यो अभियान २०८१ वैशाख २५ गतेसम्म सञ्चालन हुने भएकोले उक्त औषधी आफूले सेवन गरी आफ्नो परिवारलाई समेत सेवन गराई जनस्वास्थ्य समस्याको रूपमा रहेको हात्तीपाइले रोगबाट हुने अपाङ्गताबाट बच्न तथा बचाउनु हुन सबैमा हार्दिक अनुरोध छ ।

हात्तीपाइले रोगका लक्षणहरू



- ज्वरो आउने
- शरीरमा कम्पन हुने
- लिम्फनलीहरू सुन्निने र रातो भई दुख्ने
- हातखुट्टामा निला धर्साहरू देखिने
- शरीरका विभिन्न भागमा गिर्खाहरू बढ्ने तथा पुरूषको अण्डकोष वरपर नसाहरू फुल्ने
- पुरूषमा अण्डकोष ठुलो भई हाइड्रोसिल हुने
- महिलामा यौनाङ्ग तथा स्तन सुनिने र दुख्ने
- खुट्टाहरू सुन्निएर हात्तीपाइले हुने
- पिसाब सेतो वा रातो आउने
- लामो समयसम्म सुख्खा खोकी लागिरहने
- दम बढ्ने तथा रगतमा इसिनोफिलिया बढ्ने आदि ।

दुई वर्ष मुनिका बालबालिकाहरू, गर्भवती महिला तथा सात दिनभित्रका सुत्केरीहरू र ओच्छ्यान लागेका सिकिस्त बिरामीहरूबाहेक सबैले यस रोगबाट उत्पन्न हुने समस्याहरूबाट छुटकारा पाउन अनिवार्य रूपमा यो औषधी सेवन गर्न सकिने कुरा जानकारी गराइन्छ ।

बिर्तामोड नगरपालिका
स्वास्थ्य शाखा
झापा, कोशी प्रदेश, नेपाल


# बिर्तामोड ४ मा परालको थुप्रोमा बेवारिसे शव

बिर्तामोड(प्रस) । झापाको बिर्तामोड ४ मा परालको थुप्रोमा एक बेवारिसे शव



फेला परेको छ । बिर्तामोड ३ को आदर्श चोकदेखि उत्तर जाने ग्राभेल सडकको पश्चिमपट्टि खेतको बीचमा रहेको परालको थुप्रोमा अन्दाजी वर्ष ५५-६०का व्यक्तिको बेवारिसे शव शुक्रवार दिउँसो फेला परेको हो । शव देखेर स्थानीयले प्रहरीलाई खबर गरेका थिए । मागिखाई हिड्ने व्यक्ति मृत फेला परेको स्थानीयले बताएका छन् । मृतक बिर्तामोड ६ का कुर्मी थरका व्यक्ति भएको बताइएपनि त्यहाँ गएर बुझ्दा पुष्टि नभएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले बताए । शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको उनले जानकारी दिएका छन् । बिरामी रहेका ती व्यक्तिको अत्यधिक गर्मीका कारण मृत्यु भएको हुनसक्ने आशंका गरिएको छ ।





महोत्सवका आकर्षण
- चलचित्र प्रदर्शनी
- चलचित्र कार्यशाला
- चलचित्र-पर्यटनसम्बन्धी गोष्ठी
- सांस्कृतिक झाँकी

समुद्घाटन कार्यक्रम
मिति : २०८१ जेठ ६ गते
समय : दिउँसो २ बजे
स्थान : नयाँ बसपार्क, बिर्तामोड

व्यवस्थापक
नेपाल चलचित्रकर्मी संघ
कोशी प्रदेश, नेपाल (केन्द्रीय कार्यालय : बिर्तामोड, झापा)

आयोजक
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
विराटनगर, कोशी प्रदेश, नेपाल



**पृथ्वी सबैको साझा घर हो ।**
**वन्यजन्तु तथा मानवको सहअस्तित्वमा जोड दिऔं ।**
**मानव हात्ती द्वन्दको अन्त्य गरौं ।**

हात्तीबाट सुरक्षित रहन ध्यान दिनु पर्ने कुराहरु:

- हात्ती आएको थाहा पाउने वित्तिकै जतिसक्दो छिटो सुरक्षित स्थानमा जाने, हात्तीबाट टाढै रहने ।
- हात्ती देख्नासाथ हो-हल्ला नगर्ने, आगोले नहान्ने, पटका नपड्काउने ।
- खेतीबाली, अन्न र घर सम्पत्ती भन्दा पहिला मानिस सुरक्षित रहने ।
- हात्ती धपाउदा सामूहिक प्रयास तथा सुरक्षित दुरीको पालना गर्ने ।
- मदिरा जन्य पद्वार्थ, नुन, अन्न मानिस सुत्ने ठाउँ नजिक नराख्ने । साथै मदिराजन्य पद्वार्थको सेवन गरी रातको समयमा हिडडुल नगर्ने ।
- घर वरीपरी विजुली बत्ती बाल्ने वा शक्तिशाली टर्चको प्रयोग गर्ने ।
- विहान तथा साँझको मधुरो प्रकाश भएको वेला वा रातीको अध्यारोमा सकभर हिडडुल नगर्ने ।
- बच्चासँग भएको हात्ती र माद चढेको हात्ती बढी आक्रमक हुने भएकाले संयमता अपनाउने ।
- गाउँ बस्तीबाट हात्तीलाई भगाउनु परेमा हात्ती जाने बाटो छोड्ने, चारै तिरबाट घेरा नहाल्ने ।

**याद राखौं, जंगली हात्ती नियन्त्रणको लागि विद्युतिय धराप थाप्नु दण्डनिय अपराध हो ।**

थप जानकारीको लागि:
डिभिजन वन कार्यालय, झापाको फोन नं. ०२३-४५२०५३
रातीको समयमा वन क्षेत्रको बाटो हिड्दा विशेष सतर्कता अपनाउनुहोस ।


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# गर्मीबाट बचौं

**नेपालमा मनसुन गतिविधि सक्रिय हुनुपूर्व निरन्तर गर्मी बढिरहेको छ । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार देशभर गर्मी बढेको छ । देशका कतिपय स्टेशनमा ४० डिग्रीभन्दा बढी तापक्रम मापन भएको छ । महाशाखाका वरिष्ठ मौसमविद् प्रतिभा मानन्धरले वर्षा गराउने प्रणाली नभएको तथा स्थानीय र पश्चिमी वायुको प्रभावले तापक्रम बढेको बताइन् ।**

**उनले तराई क्षेत्रमा ४० डिग्रीभन्दा माथि तापक्रम पुगेको र अझै बढ्न सक्ने जानकारी दिइन् । "तापक्रम निरन्तर बढिरहेको छ । बिहीबार देशका आठ स्टेशनमा ४० डिग्री तापक्रम पुगेको थियो । अहिले पनि तीन/चार स्टेशनमा ४० डिग्री कटेको देखिन्छ । तराईका लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईका जिल्लामा निरन्तर तापक्रम बढिरहेको छ", उनले भनिन् ।**

**मौसमविद् मानन्धरका अनुसार कपिलवस्तुको तौलिहवा र नेपालगञ्ज, बाँकेको खजुरालगायतका स्थानमा तापक्रम ४० डिग्री कटेको छ ।**

**स्वास्थ्यमा सावधानी अपनाइएन भने गर्मी मौसममा विभिन्न खालका स्वास्थ्य समस्याहरू देखिने सम्भावना धेरै हुने गर्छ। त्यसैले यो मौसममा हाइड्रेटेड रहनु अनिवार्य हुन्छ। हलुका रङको लुगा लगाउनुहोस् । कपासबाट बनेको हलुका रङको लुगा लगाउनाले शरीरलाई चिसो राख्न मद्दत गर्छ।**

**गाढा रङका वा भारी लुगा लगाउनबाट जोगिनुहोस् किनकि यसले शरीरमा छिटो ताप पार्न सक्छ र तपाईंलाई असहज महसुस गराउन सक्छ। सकभर यो मौसममा सेतो रङको हलुका कपडा लगाउन राम्रो हुन्छ।**

**आफूलाई हाइड्रेटेड राख्नुहोस् । यो मौसममा हाम्रो शरीरलाई हाइड्रेटेड राख्न धेरै पानी र तरल पदार्थ पिउनु आवश्यक छ। विज्ञहरूले गर्मीको कारण शरीरमा देखिने स्वास्थ्य समस्याबाट बच्न हरेक दिन कम्तिमा ८–१० गिलास पानी पिउने सल्लाह दिन्छन्।**

**चर्को गर्मीमा घरबाहिर नजानुहोस् । दिनको सबैभन्दा तातो समय सामान्यत: दिउँसो १२ बजे र ४ बजेको बीचमा हुन्छ। यो समयमा बाहिर नजानुहोस्,चर्को गर्मीमा घर बाहिर जानै पर्ने काम परेमा टोपी र छाताको प्रयोग गर्नुहोस्।**

**सनस्क्रिन लगाउनुहोस् ।सूर्यको हानिकारक किरणहरूबाट आफ्नो आँखालाई जोगाउन, कम्तीमा एसपीएफ ३० भएको सनस्क्रिन लगाउनुहोस् र सनग्लास लगाउनुहोस्।**

**फ्लू को लक्षण देखिए सावधानी अपनाउनुहोस् । गर्मीको लहरको समयमा गर्मी थकान र गर्मी स्ट्रोक सामान्य छन्। यी लक्षणहरूमा चक्कर लाग्ने, वाकवाकी लाग्ने, टाउको दुख्ने र थकान समावेश हुन्छ। यदि तपाईं यीमध्ये कुनै पनि लक्षणहरू अनुभव गर्नुहुन्छ भने, तुरुन्तै चिकित्सा ध्यान खोज्नुहोस्।**

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# जलवायु परिवर्तनका असर



• कृष्ण सेढाईं



केही वर्षदेखि संसारभर जलवायु परिवर्तनको असर भयावह रूपमा देखिन थालेको छ । गत अप्रिल १४ र १५ मा खाडी मुलुक युएई, ओमान, बहराइन र साउदी अरेबियाका केही भागमा जलवायु परिवर्तनको असर अस्वाभाविक रूपमा देखियो । युएईमा परेको असामान्य वर्षाले युएईको जनजीवन मात्र प्रभावित भएन, युएईमा बनेका र बन्दै गरेका कैयौँ विकासका पूर्वाधारका संरचनालाई नराम्रो गरी क्षति पुऱ्यायो । यो वर्षाले युएईको हवाईमार्ग र सडकमार्गसमेत अवरुद्ध हुन पुग्यो । भारी वर्षाले बिगारेका संरचनालाई मर्मतसम्भार गर्न अर्बौं डलर लाग्ने अनुमान गरिएको छ । त्यति मात्र होइन, वर्षाले थुपारेको फोहोर सफा गर्न मात्र एक अर्ब डलर लाग्ने बताइएको छ । ओमानमा २० जना र युएईमा चार जनाको ज्यान गयो । बहराइन र साउदी अरेबियामा मानवीय क्षति नभए पनि भारी वर्षाले भौतिक संरचनामा नोक्सानी पुऱ्यायो । पूर्वी युरोपको मध्य अक्षांशीय रेखाबाट बगेको तीव्र आँधीले युएईलगायत एसियाका अन्य भूभागमा समेत भारी वर्षा भयो । युएईमा परेको वर्षा ७५ वर्षपछिको सबैभन्दा ठुलो भएको जनाइएको छ ।

साउदी अरब, पाकिस्तान, नेदरल्यान्ड, स्विडेन, अमेरिका, क्यानडा, फ्रान्स र बेलायतका अनुसन्धाताको समूहले गरेको अध्ययन अनुसार मानवीय हेलचेक्र्याइँकै कारण जलवायु परिवर्तन भयो र यो दुःख भोग्नु परेको हो । पूर्वी एसिया, चीनलगायतका मुलुकमा समेत भारी वर्षा, तीव्र आँधीले जनजीवनमा ठुलो असर पुऱ्यायो ।

विश्वव्यापी रूपमा बढ्दै गएको तापमान वृद्धिले संसारभर असामान्य अवस्थाको सामना गर्नु परेको छ । तापमान वृद्धिकै कारण संसारकै सबैभन्दा ठुलो अन्टार्टिकाको आइसबर्ग (हिमखण्ड) फुटेको खबर छ । यो हिउँपहाड दक्षिणतर्फ सरेको बताइएको छ । ३० वर्षपछि यो हिउँपहाड सरेको हो । यो हिउँपहाड करिब चार हजार वर्ग किमीमा फैलिएको छ । यो हिउँपहाड अमेरिकाको न्युयोर्क सहरभन्दा करिब तीन गुणा ठुलो छ । ए२३ए नाम दिइएको यो हिउँपहाड सबैभन्दा पुरानोमध्येको एक मानिएको छ ।

विश्वव्यापी रूपमा तापक्रमको सन्तुलन कायम गर्ने अन्टार्टिकाको आइस भण्डार पग्लँदा जलवायुमा ठुलो असर परेको छ । यसरी जनवायु परिवर्तनको क्रमलाई सन्तुलित बनाइएन र बढ्दो तापक्रमलाई नियन्त्रण गरिएन भने यसले विकराल समस्या उत्पन्न गराउने निश्चित छ ।

विश्वव्यापी रूपमा बढ्दै गएको तापक्रम अहिले पनि नियन्त्रणबाहिर नै छ । गत वर्ष सन् २०२३ को ३० नोभेम्बरदेखि १२ डिसेम्बरसम्म युएईमा भएको संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन सम्मेलनले ठोस निर्णय लिन सकेन । यद्यपि ११ हजार गिगावाट सोलार प्लान्ट स्थापना गर्ने प्रतिबद्धता यो सम्मेलनमा व्यक्त गरिएको थियो । त्यसलाई सकारात्मक नै मान्न सकिएला तर औद्योगिक राष्ट्रहरूको पहलकदमी नभएसम्म यस्तो सम्मेलनले सार्थकता पाउन मुस्किल पर्छ । जलवायु परिवर्तनले तापक्रम वृद्धि गर्ने छ, जसका कारण हरितगृह ग्यास उत्सर्जन हुने छ, जसले ओजोन तहमा क्षति पुऱ्याउने छ । अस्वाभाविक रूपमा तीव्र गतिको आँधी आउने छ, जुन आँधीको प्रकोप हाल विश्वव्यापी रूपमा देखिन थालेको छ । जलवायु परिवर्तनकै कारण उच्च खडेरीको सम्भावना बढ्ने छ । समयमा पानी नपरेर खाद्य उत्पादनमा नकारात्मक प्रभाव पर्ने निश्चित छ । संसारभरका समुद्रको सतह बढ्ने छ । यदि अन्टार्टिकाको हिउँ पग्लँदै गयो भने विश्वभरका समुद्री किनारका सहरको अस्तित्व लोप हुने छ । जलवायु परिवर्तनको असरले कैयौँ प्रजाति पृथ्वीबाट लोप हुने छन् । खाद्य भण्डार कम हुने र मानव जीवनका लागि पर्याप्त खानेकुराको अभाव हुने छ । मानिसको स्वास्थ्यमा नकारात्मक प्रभाव पर्ने छ । गरिबीले मानिसलाई आफ्नो वासस्थानबाट विस्थापित गर्ने छ । यति गम्भीर विषयलाई समेत विश्वका शक्तिशाली राष्ट्रले गम्भीर रूपमा लिएको भने देखिँदैन ।

जहाँसम्म नेपालको प्रसङ्ग छ, नेपाल यसै पनि जलवायु परिवर्तनको असरबाट बढी प्रभावित भएको र भोलिका दिनमा हुन सक्ने मुलुक हो । नेपाल भौगोलिक विविधता भएको मुलुक हो । यहाँ करिब पाँच हजार नदीनाला छन् । कैयौँ हिमनदी हिमालको काखबाट बगिरहेका छन् । जलवायु परिवर्तन हुने क्रम रोकिएन भने नेपालका कैयौँ हिमताल फुट्ने र बाढीको प्रकोप निम्तिने निश्चित छ । अहिले पनि नेपालको तापक्रम ०.०६ डिग्री सेल्सियसका दरले बर्सेनि बढिरहेको अनुमान छ । यो क्रम रहिरह्यो भने सन् २०३० सम्म नेपालको तापक्रम १.७ डिग्री सेल्सियससम्म बढ्ने आकलन गरिएको छ । यदि अन्तर र्ष्ट्रिय मौसम वर्ष २०१० को तथ्याङ्क लिने हो भने विश्वको तापक्रम ०.५३ डिगी सेन्टिग्रेटले बढिरहेको छ । हिमपहाडमा हिउँ जम्न सकेन भने भोलि नेपालका हिउँपहाड नाङ्गा पहाडमा रूपान्तरित हुने छन्, जसले गर्दा हजारौँ हिमतालको भविष्य समाप्त हुने छ । अनि कृषिका लागि चाहिने सिँचाइ, जलविद्युत्, पिउने पानीको अभाव भोलिको पुस्ताले भोग्नु पर्ने छ ।

केही वर्षदेखि नेपालको मौसमी चक्र नै असन्तुलित र अनिश्चित बनेको छ । पानी आवश्यक पर्ने समयमा पानीको अभाव हुन्छ । हिउँदमा पनि आवश्यक वर्षा हुन सकेन । यसले गर्दा अहिले काठमाडौँको मात्र होइन, नेपालका प्रत्येक ठाउँको तापक्रम बढेको छ । काठमाडौँ, पोखरालगायत ठाउँमा तुवाँलोको समस्या देखिन थालेको छ । नेपालको पर्यटकीय सहर पोखरामा तुवाँलोका कारण उडानसमेत अवरुद्ध हुन पुगेका छन् ।

तराईमा केही वर्षअघि आएको आँधीले ठुलो क्षति पुऱ्यायो । जलवायु परिवर्तनकै असरले केही वर्षदेखि डेङ्गुलगायत महामारी फैलिने क्रम तीव्र छ । तापक्रम एक्कासि बढ्ने र घट्ने जस्ता समस्या देखिएका छन् । हावाहुरी जस्ता कारणले डढेलो फैलिन गएको छ । जलवायु परिवर्तनले वातावरणीय प्रभाव, हिमताल पग्लने सम्भावना, महामारी, खडेरी जस्ता समस्याले नेपाललाई पिरोल्ने निश्चित छ, जसका लागि नेपाल जस्तो विकासोन्मुख देशले आफ्नो स्रोतसाधनले जलवायु परिवर्तनको एक प्रकारको प्रकोपलाई नियन्त्रण र सन्तुलन गर्न गाह्रो हुन्छ । त्यस्ता विषयमा अन्तर्राष्ट्रिय रूपमा गम्भीर कूटनीतिक पहल जरुरी छ । कूटनीतिक पहल गरी क्षतिपूर्ति लिने र जलवायु परिवर्तनको प्रभावलाई नियन्त्रण र सन्तुलित गर्ने पूर्वाधारको निर्माणमा अग्रसर हुनु नै आजको आवश्यकता हो । यस्ता गम्भीर विषयमा पहल गर्न अब ढिला गर्नु हुँदैन ।

# सार्वजनिक जीवनमा सदाचार



• गोपीनाथ मैनाली

सार्वजनिक निकायहरू जनताको विश्वास र अपेक्षाका धरोहर हुन् । यिनीहरू नैतिक, जवाफदेही र सदाचारी बन्नु पर्छ । सार्वजनिक जिम्मेवारीका उच्च तहमा सदाचार र नैतिकता बलियो भएपछि मात्र त्यसको लहरे असर अग्रपङ्क्तिका निकायसम्म पुग्छ । संस्थाप्रति विश्वास जगाउने र शासकीय प्रभावकारिता देखाउने प्रमुख आधार नै व्यावसायिकता, निष्पक्षता र इमानदारी हो ।

भनिन्छ, राजनीति मूल्यमा आधारित भए लोकतन्त्र बलियो बन्छ । समग्र व्यवस्था सुशासित बनाउने मियो राजनीति हो । सरकार र राज्यका संरचना लोकतन्त्रलाई चलायमान बनाउने संयन्त्र हुन् । लोकतान्त्रिक पद्धतिमा जनताले राज्यलाई मत र कर दिन्छन् र बदलामा जाफदेहिता माग गर्छन् । जवाफदेहिता संरचनामा सरकार कर्तव्य निर्वाहक (ड्युटी होल्डर) हो भने जनता अधिकार अपेक्षी (राइट होल्डर) हुन् । कर्तव्य र अधिकारको सम्बन्धले अवसर/सेवाको प्रत्याभूति तथा आशा र आकांक्षाको निर्माण माग गरेको हुन्छ । सार्वजनिक संस्था र पदाधिकारीले प्रयोग गर्ने स्रोतसाधन र शक्तिको अभ्यासमा जनभावनालाई सम्बोधन गर्न कति सक्षम भए, अभ्यासको विधि कति निष्पक्ष र आचरण स्वच्छ भयो भन्ने आधारमा जवाफदेहिता निर्धारण हुन्छ ।

सार्वजनिक पदाधिकारी र संस्थालाई व्यावसायिक, सदचारी र नैतिक बनाउन कानुन, नीति र मानकलगायतका संरचना घोषणा गरिएका हुन्छन्, जसप्रति पदाधिकारी उच्च इमानदारीमा प्रतिबद्ध हुनु पर्छ । यसैका लागि पदाधिकारीले विवेक साक्षी राखी सपथ लिएका हुन्छन् । सुशासन सार्वजनिक जीवनको साध्य हो । सुशासनका लागि नै पदाधिकारी तथा संस्थाहरू परिचालित हुन्छन्, जसमा नैतिकता, सदाचार, व्यावसायिकता मूल्य आचरण देखिनु पर्छ । यी आचरणगत पक्षले सार्वजनिक पदाधिकारी तथा संस्थालाई आदर्श अवस्थामा पुऱ्याउन मद्दत गर्छ ।

नेपालको शासकीय प्रणाली उल्लिखित मान्यताबाट भिन्न छैन । सैद्धान्तिक रूपमा संस्था, संरचना, नीति, मानक र जवाफदेहिताका संयन्त्र व्यवस्था गरिएका छन् । लोकतन्त्रको पुनर्स्थापनापछि उदार नीतिमा सुधारका कार्य हुँदै आएका छन् । राज्य पुनर्संरचना पनि गरिएको छ । शासकीय व्यवस्था सुधारका संरचना जनस्तरसम्म पुऱ्याइएका छन् तर सार्वजनिक जवाफदेहिता र नैतिक आचरण संस्थागत नभएकाले ती कुरा अनुभूत तहमा पुग्न सकेका छैनन् र जनताको तहमा निराशा बढ्दै गएको छ ।

सदाचारका प्रयास अनुभूत तहमा पुग्न नसक्नुमा त्यसको नेतृत्व, स्वामित्व संरचना, सरोकारवालाको समर्थन र स्वीकृतिको अवस्था, बोधगम्यता र सामयिकता, यसका लागि चाहिने सिप, शक्ति र कार्यसंस्कृति, वास्तविक तत्परता जस्ता पक्षहरूले प्रभाव पारेका हुन्छन् । नेपालमा सुधार प्रक्रिया संरचनामा केन्द्रित भएका, संरचनाले सुधारबोधी व्यक्तिबाट नेतृत्व नपाई बेवारिस भएका र सधैँ सुधारलाई सतही वा 'पोलिटिकल गिमिक' का रूपमा लिइँदै आएको छ । त्यसैले तिनहरू जनताको अनुभूत तहमा पुगेनन्, सुशासन र सदाचारिता सधैँको एजेन्डा मात्र भयो, परिणाममा देखिएन ।

सुशासन र सदाचारितालाई संस्थागत बनाउने प्रमुख संरचनामा सार्वजनिक प्रशासन रहन्छ तर यो नै सबैभन्दा आलोचित छ । सार्वजनिक प्रशासनको नैतिकता र सदाचारिताको सवाललाई एकाङ्गी ढङ्गबाट नहेरी विस्तृत आयामबाट हेर्नु पर्ने हुन्छ । सामाजिक पर्यावरण, भर्ना छनोट एवं वृत्ति व्यवस्थापन प्रणाली, संस्थाभित्रको मूल्य अभिमूखीकरण, सङ्गठनभित्रको व्यवहार र सेवाग्राहीसँगको सम्बन्ध जस्ता पक्षबाट पनि विश्लेषण गर्नुपर्ने हुन्छ । सामाजिक मूल्य र संस्कृति ह्रासोन्मुख छ । समाजमा नैतिक मूल्य, मान्यता र असल संस्कृति स्खलित हुँदै गएको छ । निजामती कर्मचारी त्यही सामाजको उपज भएकाले सामाजिक मूल्यवृत्ति र सोच संस्कारलाई सेवाभित्र लिएर आएको हुन्छ । यदि समाज नैतिक मूल्य र आचरणमा रहेको थियो भने प्रणालीगत रूपमा निजामती सेवा बिग्रन सक्दैनथ्यो । समाज लोभी, लालची र आग्रही बन्दै गएको, सदाचार, सेवा र मानवीय मूल्य आचारणलाई आदर गर्न छाडेकाले त्यसको क्षतिपूर्ति पनि निजामती सेवाभित्रका केही कर्मचारीले खोजेका छन् । अझै पनि सबै कर्मचारीमा व्यावसायिक सदाचारिता खत्तम भइसकेको छैन, प्रणाली बिगार्न सदाचारच्युतहरूले दुरुत्साहन गरिरहका भने छन् ।

अर्को आयाम, कर्मचारी योग्यता प्रणालीबाट छानिएर त आउँछन्, तर छनोटको प्रक्रियामा उसको स्वभाव, आचरण, अभिरुचि, मूल्यवृत्ति, वृत्ति प्राथमिकता जस्ता पक्ष परीक्षण गरिएको छैन । केवल सैद्धान्तिक ज्ञान र जानकारी सङ्कलनलाई नै योग्यताका सूचक मानिएको छ । परिणामतः नैतिक आचरण र सेवाप्रतिको आत्मिक निष्ठा भएको व्यक्ति पाइएको छैन । यस अवस्थामा पेसागत मूल्य प्रवर्द्धनभन्दा पनि वृत्तिलाई अवसरका रूपमा लिई वैयक्तिक स्वार्थ पूरा गर्न लाग्छ । सङ्गठनको वृत्ति व्यवहार पनि नैतिक आचरण संस्थागत गर्ने खालका छैनन् । जहिले पनि कार्यनिष्ठ, सदाचारी र अनुशासित व्यक्ति पछि परिरहेको छ । विपरीतमा सजाय पाउनु पर्नेहरू पुरस्कृत भएका छन् । यो प्रक्रिया निरन्तर छ । यसले सदाचारी, कार्यनिष्ठ र अनुशासित हुने व्यक्ति दण्डित भएको महसुस गरिरहेका छन् । यसको प्रदर्शन प्रभाव 'क्यास्केडिङ' भएर फैलिएको छ ।

सेवामा प्रवेश गर्नेबित्तिकै व्यक्तिले सम्पादन गर्नुपर्ने कामको अभिमुखीकरण गरी सङ्गठन र व्यक्तिबिचको भावनात्मक मिलान गर्ने आधुनिक कर्मचारी व्यवस्थापनको प्रक्रिया छुटेको छ । त्यसैले व्यक्ति अरू नै कुरामा अभिमुखी हुन्छ । 'प्लेजर इनरसिया' बाट निर्देशित हुन्छ । सङ्गठनको नेतृत्व व्यवहार गर्न सक्ने सामर्थ्यबाट पर छन् । कि आफैँ नैतिक सहासमा छैनन् वा यस्ता विषयप्रति सतही छन् । यसले व्यवस्थापकीय नेतृत्वप्रति पनि ठुलो प्रश्न उठाएको छ । किनकि संस्था र कार्यप्रणाली भनेको धेरै हदमा नेतृत्व हो ।

सङ्गठनभित्रको सीमित अवसरहरू न्यायपूर्ण रूपमा वितरण भएको छैन । यस अर्थमा सङ्गठन नै नैतिक देखिएन । साथै व्यवस्थापकीय निर्णय प्रक्रिया, जानकारीको आदानप्रदान र सहभागितात्मक व्यवस्थापनको अभाव छ । त्यसैले व्यक्ति र सङ्गठन छुट्टिएको छ । सङ्गठन विकासका लागि यो साह्रै घातक हो । सेवाग्राही र प्रशासनबिचको अन्तर्क्रिया छैन, सेवाग्राही आफ्ना विषयमा हुने/भएका कामप्रति प्रश्न उठाउन र सहकार्य गर्न निष्क्रिय छन् वा यदाकदा नराम्रा कर्मचारीसँगको 'कोअप्सन' मा पनि पुगेका छन् ।

प्रशासनको अभिभावकत्व लिने राजनीतिक कार्यकारी दृष्टिबोधी र मूल्यपरक छैन । उसले प्रणालीको नीति नेतृत्व लिन सकेको छैन । बरु प्रशासनिक सौदाबाजीमा रमाएको छ । असल राजनीतिक संस्कारको अभाव, राजनीतिक दलहरूभित्र आन्तरिक लोकतन्त्रको कमी, राजनीतिको अपराधीकरण र अपराधको राजनीतीकरण र राजनीति मूल्य, विचार र आदर्शबाट विमुख हुनु राजनीतिक तहमा रहेका चुनौती हुन् । यी चुनौतीले समाजका सबै पक्षमा प्रभाव पार्छ तर सार्वजनिक प्रशासनमा पर्ने प्रभाव सबैभन्दा गहन हुन्छ । सार्वजनिक प्रशासनको अभिभावक राजनीति भएकाले राजनीतिक संस्कृतिले प्रशासनको दैनिकी, व्यवहार र मनोविज्ञानलाई जकड्याइरहेको हुन्छ । नागरिक समाज र सार्वजनिक बौद्धिकहरू समीक्षात्मक सोच राख्नमा भन्दा आग्रह र आस्थामा विभाजित छन् । त्यसैले नागरिक तहको पहरेदारी छैन ।

जन्मले मानिस असल हुन्छ, कर्मले मात्र खराब वा असल गनिने हो । पारिवारिक, सामाजिक परिवेश, अभिमुखीकरण, रहनसहन, मूल्य संस्कृति जस्ता पक्षहरूले व्यक्तिलाई खराब वा असल बनाउँछ । जब व्यक्ति असल प्रक्रियामा लाग्छ, झनै असल र सदाचारी बन्छ, नैतिक बन्छ । मानसिक चेत, आत्मिक शक्ति र विवेकले मानिसलाई सकारात्मक बनाउँदै लान्छ । विपरीतमा जब मानिस सुखवादी सोचबाट ग्रसित हुँदै जान्छ, प्रयासभन्दा उपलब्धिको खोजी गर्छ, पसिनाबिनाको आर्जन र उपलब्धिको अपेक्षा (लोभ) गर्छ, सिर्जना र कर्मबिनाको पहिचान-प्रतिष्ठा चाहन्छ, त्यसपछि व्यक्ति च्युत बन्ने हो । लोभ (पैसा, पद, पावर, प्लेजर, प्रतिष्ठा, प्रेम आदि) नै खराब आचरणको स्रोत हो । जब व्यक्ति लोभमा पर्छ, विधि विधान र मूल्य, मान्यतालाई औपचारिक मात्र देख्छ र गर्भित रूपमा अरू नै गर्न चाहन्छ । लोभको प्रवेग आदत गतिवान् हुन्छ । अहिलेको अवस्था यही हो

अहिले पनि व्यक्ति नराम्रो काम लुकेर गर्छ, नराम्रो गरेर पनि राम्रो गरेँ भन्छ । यस अवस्थामा सदाचार कायम गर्न सकिने सम्भावना चाहिँ छ । यसका लागि विस्तृत आयाममा अभियान चाहिन्छ । सर्वप्रथम संस्थागत मूल्यको घोषणा गरिनु पर्छ । त्यो राजनीति, प्रशासन, राज्यका सबै संरचनामा चाहिन्छ । साथै व्यक्तिगत तथा नागरिक तहको कर्तव्य घोषणा गर्नु पर्छ । सार्वजनिक जिम्मेवारीमा रहनेहरूका लागि मूल्य अभिमुखीकरण, आत्मिकचेतको अन्तरबोध गराउने आध्यामिक शिक्षा जरुरी छ ।

महत्वपूर्ण पदमा जिम्मेवारी प्रस्ताव गर्नुअघि नागरिक परीक्षण अनिवार्य छ । यस अवस्थामा कमजोर पृष्ठभूमिका व्यक्ति जिम्मेवारी लिन हच्किने गर्छन् । सार्वजनिक सरोकारमा रहेका सबै सदचार संहितामा आबद्ध गरिनु पर्छ । निश्चित अवधिमा पदाधिकारीका काममा नागरिक विवेचना र स्वयम् मूल्याङ्कनलाई राष्ट्रिय सदाचार पद्धतिमा समेटिनु पर्छ । राज्य प्रणाली कठोर नैतिकतामा पुग्नु पर्छ । कानुनले पत्याएका संस्था न्याय, मूल्य र विश्वासका धरोहर बन्नु पर्छ । फेरि पनि भुल्नु हुन्न राज्यलाई सधैँ नैतिक मानिसहरूको खाँचो पर्छ ।

# २ भारतीय ब्रान्डका ४ मसलाको आयात र बिक्रीमा रोक




झापा(प्रस)।नेपालले भारतका २ ब्रान्डका केही मसलाको आयातमा रोक लगाएको छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले भारतीय ब्रान्ड एमडीएच र एभरेस्टका ४ प्रकारका मसलाको आयातमा रोक लगाएको हो । हङकङ र सिंगापुरले ती मसलामा हानिकारक 'एथलिन अक्साइड' रहेको भन्दै आयातमा रोक लगाएको छ ।

विभागले समेत हङकङको खाद्य सुरक्षा केन्द्र(सीएफएस) र सिंगापुर फुड एजेन्सीले रोक लगाएको र विभिन्न सञ्चारमाध्यममा आएको समाचारका आधारमा तत्काललाई ४ प्रकारका मसलामा रोक लगाएको जनाएको छ ।

विभागले एमडीएचको मद्रास करी पाउडर, साम्बर मसला मिक्स्ड मसला पाउडर, करी पाउडर मिक्स्ड मसला र एभरेस्ट ब्रान्डको फिस करी मसलाको आयात र बिक्रीवितरणमा रोक लगाउने निर्णय गरेको हो । एमडीएचका उक्त मसलाहरू १०० ग्राम र एभरेस्टको ५० ग्रामको प्याकिङ रहेको छ । विभागले यी मसलाको आयात अनुमति तत्काल स्थगित गर्ने र आयात विन्दुमा रहेका खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालयहरूलाई सूचित गर्ने निर्णय गरेको छ । विभागकी महानिर्देशक डा. मतिना जोशी वैद्यले पछिल्लो निर्णयबारे जानकारी दिँदै भनिन्, 'सम्बन्धित कार्यालय केही भारतका ब्रान्डका मसलाको आयातमा रोक लगाइएको पत्राचार गरिएको छ ।'

विभागले उल्लिखित ब्रान्डका उत्पादन बजारमा रहेको भए फिर्ता गर्न पनि आयातकर्तालाई निर्देशन दिइसकेको छ । साथै विभागले राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशालालाई 'एथलिन अक्साइड' परीक्षणलाई उच्च प्राथमिकतामा राख्न समेत निर्देशन दिएको छ । 'एथलिन अक्साइड' मानिसमा क्यान्सर गराउन सक्ने रासायनिक पदार्थ हो । यसलाई इन्टरनेसनल एजेन्सी फर रिसर्च अन क्यान्सर(आईएआरसी) ले कार्सिनोजेनिक रसायनको समूह-१ मा राखेको छ । यसले स्तन क्यान्सरलगायत विभिन्न क्यान्सर हुन सक्ने आईएआरसीको भनाइ छ ।

सिंगापुर र हङकङले भारतीय मसलाको आयातमा रोक लगाएपछि यसको गुणस्तर र खाद्य सुरक्षामा विश्वका विभिन्न मुलुकले प्रश्न उठाएका छन् । मसला उत्पादन र निर्यातका हिसाबले भारत विश्वकै अग्रणी मुलुकमध्ये एक हो । बीबीसीका अनुसार भारतले झन्डै ४ बिलियन डलरबराबरको मसला बर्सेनि निर्यात गर्छ जुन विश्व मसला निर्यातको १२ प्रतिशत हो । नेपालले समेत भारतबाट ठूलो परिमाणमा मसला आयात गर्छ । यो आर्थिक वर्षको ९ महिनामा मात्र नेपालले भारतबाट झन्डै ८ अर्ब रुपैयाँबराबरको विभिन्न मसला आयात गरेको छ । नेपालले प्रत्येक वर्ष भारतबाट खुर्सानी र मरिचमात्र झन्डै २ अर्ब रुपैयाँबराबरको आयात गर्दै आएको छ ।

# बीएण्डसीमा एक लाखसम्मको स्वास्थ्य सेवा निःशुल्क

बिर्तामोड(प्रस) । झापाको बिर्तामोडमा रहेको बीएण्डसी टिचिङ हस्पिटलमा विपन्न नागरिक उपचार कोषअन्तर्गत हेड इन्ज्युरी तथा स्पाइनल इन्ज्युरी कार्यक्रम सञ्चालनमा आएको छ ।

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा सञ्चालित सो कार्यक्रम बीएण्डसीमा शुक्रवारदेखि सुरु गरिएको अस्पतालका जनसम्पर्क तथा सूचना अधिकृत प्रमिस गिरीले जानकारी दिए ।

कार्यक्रमअन्तर्गत कुनै पनि किसिमको दुर्घटना वा चोटपटकको कारण टाउको तथा मेरुदण्ड घाइते भएका बिरामीको एक लाख रुपैयाँसम्मको स्वास्थ्य उपचार निःशुल्क रुपमा हुनेछ ।

निःशुल्क उपचार सेवा लिनका लागि बिरामीका सदस्यले स्थानीय तहको सिफारिस ल्याउनुपर्ने गिरीले बताए । बिरामी अस्पताल भर्ना भएपछि चिकित्सकले स्थानीय तहलाई सम्बोधन गरेर विपन्न नागरिक उपचार कोषको लागि सिफारिस गरिदिन आग्रह गर्ने छन् । स्थानीय तहको सिफारिसपत्रको आधारमा अस्पतालले बिरामीसँग सम्बन्धित अन्य आवश्यक कागजातहरुसमेत संलग्न गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सामाजिक सुरक्षा इकाइमा पेस गरेपश्चात् एक लाख रुपैयाँसम्मको निःशुल्क स्वास्थ्य उपचार सुविधा प्राप्त गर्ने छन् । हस्पिटलले पत्रकार सम्मेलन गरेर कार्यक्रमबारे जानकारी दिएको हो । कार्यक्रममा न्युरो विभागकी प्रमुख डक्टर करुणा ताम्राकार र अर्थोपेडिक विभाग प्रमुख डक्टर निराजन पराजुलीले सेवाबारे प्रस्ट पारेका थिए ।

# डिभिजन वनले किन्यो १० लाखको ड्रोन



झापा(प्रस)।डिभिजन वन कार्यालय झापाले मानव-हात्ती द्वन्द्व र वन अपराध नियन्त्रणका लागि ड्रोन खरिद गरेको छ । बढ्दो मानव-हात्ती द्वन्द्व न्यूनीकरणका लागि प्रयोग गर्न ब्याटसहित रु १० लाखको लागतमा ड्रोन खरिद गरिएको डिभिजन वन कार्यालय झापाका वन अधिकृत देवेन्द्र उप्रेतीले जानकारी दिए ।

"ड्रोनलाई मोडिफाइ गरेर लाइट र साइरन पनि जडान गरिएको छ", उनले भने, "जङ्गलबाट बाहिर आएको हात्तीलाई ड्रोनको मद्दतले सुरक्षित रुपमा जङ्गलभित्रै पठाउने योजना छ ।" सँगै काठ र वन्यजन्तुको चोरी-तस्करी नियन्त्रण गर्ने प्रयोजनमा समेत ड्रोनको प्रयोग हुने उनको भनाइ छ ।

वनको कतिपय स्थानमा जान सक्ने अवस्था नरहेकाले ड्रोनको मद्दतबाट वनभित्रको गतिविधि नियाल्न सकिने उनले बताए । वन क्षेत्रमा प्रविधिको प्रयोग उपयोग गर्न समेत ड्रोन खरिद गरिएको र प्रभावकारी भए थप किन्न सकिने उनले बताए । ड्रोन सम्बन्धित निकायबाट इजाजत लिएर प्रयोग गरिने उनले बताए ।

कार्यालयले रु १० लाखको लागतमा खरिद गरेको ड्रोनले एक पटकमा आधा घण्टासम्म उडान भर्न सक्छ । करिब आठ किलो तौल भएको यो ड्रोनले चार सय मिटर वरपरको दृश्य कैद गर्नुका साथै साढे चार किलोग्राम तौल उचाल्न सक्ने कार्यालयले जनाएको छ । ड्रोनकै मद्दतबाट भविष्यमा बीउलाई माथिबाट छर्न प्रयोग गर्न सकिने सोच राखिएको छ ।

# दमकमा लक्षित समुदायका कार्यक्रम




दमक(प्रस) ।दमक नगरपालिकाले शुक्रवार एकैदिन लक्षित समुदायका लागि दुईवटा कार्यक्रम सञ्चालन गरेको छ । सामाजिक विकास समितिको आयोजनामा कुष्ठरोग तथा अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामग्री निःशुल्क वितरण र महिलाहरुका लागि तीनचक्के अटो ड्राईभिङ तालिमको उद्घाटन गरिएको हो ।

कार्यक्रमको संयुक्त रुपमा दमक नगरपालिकाका प्रमुख राम थापाले उद्घाटन गरे । कार्यक्रमको उद्घाटन गर्दै नगर प्रमुख थापाले दमक नगरपालिकाले लक्षित समुदायका लागि अत्यन्तै धेरै कार्यक्रमहरु सञ्चालन गरिरहेको बताए । जेष्ठ नागरिक र अपाङ्गता भएकाहरुलाई घरघरमै पुगेर निःशुल्क स्वास्थ्य परीक्षणदेखि लिएर अपाङ्गता भएकाहरुलाई जीविकोपार्जनका लागि पनि कार्यक्रम सञ्चालन गरिरहेको नगर प्रमुख थापाले बताए । नगरपालिकाको बजेटले नपुगेपनि अन्य संघ संस्थाहरुसंग सहयोग लिएर भएपनि लक्षित समुदायको हितका लागि कार्यक्रम सञ्चालन गरिएको उनको भनाई थियो ।

कार्यक्रममा नगर उपप्रमुख रेगिना भट्टराईले अशक्त मानिसलाई सशक्त बनाउनु नै सबैभन्दा ठुलो उपलब्धी भएको भन्दै आफूहरु लागिरहेको बताइन् । शारीरिक रुपमा अपाङ्गता भएकाहरुलाई कृत्रिम अंगहरु दिएर र महिलाहरुका लागि सीप विकासका तालिम सञ्चालन गरेर समाजमा स्थापित गराउने काममा नगरपालिका अघि बढिरहेको उनले बताइन् ।

कार्यक्रमको अध्यक्षता गरेकी दमक नगरपालिकाको सामाजिक विकास समिति संयोजक शारदा भट्टराईले अशक्त असहाय साथै मुलधारमा नरहेको समुदायको हितका निम्ति औपचारिक फोरममा मात्रै नभएर जुनसुकै समयमा पनि सहयोग गर्नुपर्ने बताइन् ।

तीनचक्के अटो ड्राईभिङ तालिममा १२ जना महिलाहरु सहभागी रहेको दमक नगरपालिका महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाकी अधिकृत जमुना पौडेलले जानकारी दिइन् । तालिम लिईसकेपछि अटो सञ्चालन गरेर उनीहरु स्वाबलम्बी बन्ने अपेक्षा गरिएको पौडेलले बताइन् ।

त्यसैगरी अपाङ्गता भएका १२७ जनाको नाम दर्ता भएको र उनीहरुको आवश्यकता अनुसारका सहयोगी सामग्रीहरु नापजाँच गरिएकाले तयार भएपछि ल्याएर हस्तान्तरण गरिने उनले जानकारी दिइन् । अपाङ्गता भएकाहरुलाई ह्विलचियर, ट्राईसाईकल, कृत्रिम हात खुट्टा, स्पेशल जुत्ता, बैशाखीलगायतका सामग्रीहरु निःशुल्क उपलब्ध गराईने अधिकृत पौडेलले बताइन् ।

# तमोर कोरिडोरमा प्रहरी पोष्ट




झापा(प्रस)। धनकुटाको चौबिसे गाउँपालिका-४ फलामेटारमा अस्थायी प्रहरी पोष्ट स्थापना गरिएको छ । तमोर कोरिडोर सडक क्षेत्रमा शान्ति सुरक्षा कायम गर्न र आपराधिक क्रियाकलापमा कमी ल्याउन फलामेटारमा अस्थायी प्रहरी पोष्टको स्थापना गरिएको हो ।

प्रहरी हवलदारको नेतृत्वमा ५ जनाको टोली अस्थायी प्रहरी पोष्टमा रहने छन् । तमोर कोरिडोर सडक अन्तर्गत धनकुटाको मूलघाटदेखि पाँचथरको गणेशचोकसम्मको १ सय १२ किलोमिटरको दूरीमा पछिल्लो समय दैनिक ३ सय बढी सवारीसाधन सञ्चालनमा आउने गरेका छन् । उक्त सडक खण्ड अन्तर्गत पाँचथर खण्डमा एकमात्र प्रहरी चौकी रहेको र शान्तिसुरक्षाका दृष्टिले धनकुटातर्फ प्रहरी चौकी थप गरिनुपर्ने माग बढेकोले पहिलो चरणमा फलामेटारमा अस्थायी प्रहरी पोष्ट स्थापना गरिएको प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेलले बताए ।

चौबिसेको पालिका केन्द्र राजारानीबाट सवारीसाधनमा करिब दुई घण्टा दुरीमा रहेको तमोर कोरिडोर क्षेत्रमा प्रशासनको समेत दृष्टि कम पर्ने भएकोले प्रहरी चौकी थप गरिनुपर्ने स्थानीयले माग गर्दै आएका थिए । पछिल्लो समय वन पैदावार चोरी निकासी हुने, तमोर नदीमा करेन्ट प्रवाह गरेर माछा मार्ने क्रम बढेकोले त्यसको नियन्त्रणका लागि प्रहरी निगरानी जरुरी स्थानीयको माग रहेको थियो । हाल सञ्चालनमा आएको प्रहरी पोष्टलाई प्रहरी चौकीको रूपमा स्तरवृद्धि गर्ने पहल भइरहेको जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक श्यामसिंह चौधरीले बताए । उनले सडकमा सञ्चालन हुने सवारी साधनको चेकजाँचलाई कडाइ पारिने बताए ।अस्थायी प्रहरी पोष्टको चौबिसे गाउँपालिका अध्यक्ष राजकुमार चेम्जोङ, प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेल तथा जिल्ला प्रहरी प्रमुख श्यामसिंह चौधरीले संयुक्त रूपमा उद्घाटन गरेका थिए ।

## १४ सयबढी...

टोलीले गुडिरहेका मोटरसाइकललाई किनारामा रोकेर चालकलाई पाँच मिनेट सवारी नियम र सुरक्षासम्बन्धी प्रशिक्षण दिने गरेको छ ।साँघुरो सडक, अत्यधिक सवारी चाप र तीव्र गति नै मोटरसाइकल दुर्घटनाको मुख्य कारण देखिएको छ । कान छोपिने हेल्मेट लगाउन, मदिरा सेवन गरेर सवारी नचलाउन र तीव्र रफ्तारमा नकुदाउन ट्राफिक प्रहरी प्रमुख न्यौपानेले आग्रह गरेका छन् । त्यस्तै जिल्ला ट्राफिक प्रहरी कार्यालयले विद्यार्थीहरुका लागि अभिमुखीकरण कार्यक्रम संचालन गरेको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालयबाट सवारी दुर्घटना न्यूनीकरण तथा सडक सुशासन पालना, सडकको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीसम्बन्धी ट्राफिक सचेतनामुलक एवं अभिमुखीकरण कार्यक्रम विभिन्न विद्यालयहरुमा संचालन गरिएको हो । शुक्रवार बिर्तामोड २ मा रहेको मोहनमाया माध्यमिक विद्यालय र वीर अमरसिंह माध्यमिक विद्यालयको कक्षा-९ र १० मा अध्ययनरत अन्दाजी १६० जना विद्यार्थीहरुलाई जिल्ला ट्राफिक प्रहरी कार्यालयबाट ट्राफिक सचेतनामुलक जानकारी प्रदान गरिएको न्यौपानेले बताए । त्यस्तै बिहीवार शिवसताक्षी ७ स्थित भानु माध्यमिक विद्यालय र वडा न. ८ स्थित झिलझिले माध्यमिक विद्यालयका कक्षा-९ र १० मा अध्ययनरत अन्दाजी २८० जना विद्यार्थीहरुलाई ट्राफिक प्रमुख न्यौपानेबाट अभिमुखीकरण गरिएको थियो ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क: 9825952680 9816063266 9825952677 9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर — लोकबहादुर कुँवर : ९८४२६८३९९६, द्रोण अधिकारी : ९८४२६२८७९१
दमक — विष्णु सुब्बा : ९८५२६७०१३७, देविबहादुर बस्नेत : ९८१७९२४६२१
मेचीनगर — चारआली : ९८४२७०३०१३, गोबिन्द घिमिरे : ९८१५९५०१५०
उर्लाबारी — रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर — क्रिएटिभ आई: ०२१-५२५६१०
इलाम, मंगलबारे — रणवीर लिम्बू ९८१६९८४७५७
काकँरभिट्टा — फ्रेन्डसिप पुस्तक पसल ०२३-५६२४२४
झापा बजार — बरत राजवंशी ९८१७०४९००१

## आजको राशिफल

मेष — रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।
वृष — आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।
मिथुन — सुखदुःख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।
कर्कट — जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।
सिंह — सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।
कन्या — मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्
तुला — कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।
वृश्चिक — आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।
धनु — आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।
मकर — नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।
कुम्भ — ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।
मिन — आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ